श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले २०४१।७।२४ को निर्णयानुसार नेपाल प्रशासन सेवा (लेखा समूह) राजपत्र अनङ्कित प्रथम श्रेणीको लेखापाल श्रीमती राधा पौडेललाई नेपाल प्रशासन सेवा (लेखा समूह) को राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा नियुक्ति गरी महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत कार्यालयमा पदस्थापन गरेको छ ।

आज्ञाले,
ज्ञानबहादुर शाक्य
उप-सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले देहायको मितिको निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२(२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२(१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ।

| क.सं. | नाम र थर | पद र कार्यालय | निर्णय मिति |
|---|---|---|---|
| १. | श्री पेशोरविक्रम राणा | राजपत्राङ्कित द्वितीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | २०४१।७।१३ |
| २. | श्री नरेन्द्रनाथ भट्टराई | उप-सचिव, सामान्य प्रशासन मन्त्रालय । | ,, |
| ३. | श्री दौलतविक्रम विष्ट | जिल्ला शिक्षा अधिकारी, जिल्ला कार्यालय, शिक्षा शाखा, स्याङजा। | २०४१।७।२४ |
| ४. | श्री पुरूषोत्तम शर्मा घिमिरे | राजपत्राङ्कित द्वितीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | ,, |

आज्ञाले,
श्यामकुमार प्रधान
श्री ५ को सरकारको का.मु. सचिव

६४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।